नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २८०

मितिः २०८२/१०/२९

नेपाल संवत् ११४६

विषयः स्टार्टअप उद्यम कर्जा कार्यक्रम अन्तर्गत परियोजना प्रस्तावको स्थलगत निरिक्षण सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाको प.सं. २०८२/०८३, च.नं. १६८, मिति २०८२/१०/२८ को स्टार्टअप उद्यम कर्जा कार्यक्रम अन्तर्गत परियोजना प्रस्तावको स्थलगत निरिक्षण सम्बन्धी पत्र र सोसाथ प्राप्त औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पत्र र फारम आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः माग भए बमोजिमको विवरण औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको इमेल ठेगाना info@iedi.gov.np मा उपलब्ध गराई दिनुहुन।**

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं   फोन नः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)
सिंहदरबार, काठमाडौं, नेपाल।

पत्र संख्या : ०८२।८३
च.नं. : १६८

☎०१-४२११४४०,०१-४२११५४७
✉ipdivision@moics.gov.np

मितिः २०८२/१०/२८
नेपाल सम्बत ११४६

विषयः आवश्यक समन्वय सम्बन्धमा।

श्री संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं।

प्रस्तुत सम्बन्धमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वरको प.सं. ०८२/०८३, च.न. १७४, मिति २०८२/१०/१२ को पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ। सो पत्रबाट अनुरोध भए बमोजिम तँहा मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा आवश्यक समन्वयका लागि पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ। साथै, स्टार्टअप उद्यम कर्जा २०८२ का लागि परियोजना प्रस्ताव पेस गर्ने उद्यमको स्थलगत निरीक्षण फाराम थान-१ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत सादर अनुरोध छ।

.......................
(रमेश सिंह भण्डारी)
शाखा अधिकृत

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

( An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं


पत्र संख्याः ०८२/८३

चलानी नं.:

मितिः २०८२/१०/

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं।

**विषयः <u>स्टार्टअप उद्यम कर्जा कार्यक्रम अन्तर्गत परियोजना प्रस्तावको स्थलगत निरिक्षण सम्बन्धमा।</u>**

प्रस्तुत विषयमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत "स्टार्टअप उद्यम कर्जा कार्यविधि- २०८२ (पहिलो संशोधन सहित)" बमोजिम यस प्रतिष्ठानद्वारा स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन हुँदै आएको व्यहोरा अनुरोध गर्दछु। कार्यविधि बमोजिम यस प्रतिष्ठानबाट मिति २०८२/०७/१९ गते स्टार्टअप उद्यमहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्न २१ दिने सूचना प्रकाशन गरी परियोजना प्रस्ताव आह्वान गरिएकोमा मिति २०८२/०८/०९ सम्म जम्मा १०,२४४ (२,०४१ अफलाइन तथा ८,२०३ अनलाइन) परियोजना प्रस्ताव प्राप्त भएका छन्। उक्त परियोजना प्रस्तावहरूको मूल्याङ्कन प्रक्रियाको क्रममा सम्बन्धित परियोजनाको भौतिक अवस्थाको जाँच (Physical Verification) गर्नु आवश्यक देखिएको हुँदा कार्यविधिको दफा २४ को उपदफा (२) बमोजिम यस कार्यका लागि स्थानीय तहमा कार्यरत उद्यम विकास सहजकर्ता (EDF) को सहयोग लिन सकिने व्यवस्था रहेको व्यहोरा जानकारी गराउँदछु।

उद्यम विकास सहजकर्ता (EDF) ले परियोजनाको भौतिक अवस्थाको जाँच गरी प्रतिष्ठानबाट उपलब्ध गराइएको आवश्यक विवरणसहितको फाराम भरी कार्यालयमा सहजताको लागि पेश गर्नुपर्नेछ। साथै परियोजनासम्बन्धी केहि तस्बिरहरू तथा कम्तीमा एक मिनेटको परियोजनाको कार्यस्थलको भिडियो समेत संलग्न गरी पठाउने व्यवस्था Web based system (sams.iedi.gov.np) मा गरिएको छ। यसको लागि Web based system मा प्रत्येक उद्यम विकास सहजकर्ता (EDF) का लागि छुट्टाछुट्टै user name तथा password सिर्जना गरी लग–इन गरेर फाराम भर्न तथा फोटो अपलोड गर्न सकिने व्यवस्था गरिएको छ। उक्त व्यवस्था कार्यान्वयनमा ल्याउन त्यहाँ मन्त्रालयबाट स्थानीय तहमा कार्यरत उद्यम विकास सहजकर्ता (EDF) लाई संलग्न गराई स्टार्टअप उद्यम कर्जा कार्यक्रम अन्तर्गत प्रस्ताव पेश गरेका प्रस्तावकहरूको स्थलगत निरीक्षण गरी सहयोग गर्न सम्बन्धित स्थानीय तहहरूमा आवश्यक समन्वय गरिदिनुहुन अनुरोध गर्दछु।

सम्पर्क व्यक्तिः इ. उमेश कुमार गुप्ता
मोवाइल नं. : ९८५१०५७१५५
इमेलः info@iedi.gov.np

..................
इ. उमेश कुमार गुप्ता
कार्यकारी निर्देशक

## स्टार्टअप उद्यम कर्जा २०८२ का लागि परियोजना प्रस्ताव पेश गर्ने उद्यमको स्थलगत निरिक्षण फाराम (Physical Verification Form) :

### क) परियोजना प्रस्तावको बिवरणः

१. प्रस्ताव वा उद्यमको नामः.............................................................

२. प्रस्ताव दर्ता नं.:......................

३. उद्यमी वा प्रस्तावकको नामः........................................................ मोवाइल नं........................

४. उद्यम सञ्चालन भएको ठेगानाः जिल्लाः ...................... पालिकाः .....................................

वडा नं.: ............... टोलः..................................................

५. उत्पादन हुने वा कारोवार हुने वस्तु वा सेवाः................................................

### ख) परियोजना स्थलको अवस्थाः

| | | |
|---|---|---|
| १. प्रस्तावमा उल्लेखित स्थानमा व्यवसाय सञ्चालनमा | छ ☐ | छैन ☐ |
| २. व्यवसायको नामको साइनबोर्ड | छ ☐ | छैन ☐ |
| ३. कार्यस्थल वा उत्पादन स्थल उपयुक्त छ वा छैन | छ ☐ | छैन ☐ |

४. व्यवसायका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारः

<u>जग्गाः</u>

| | | |
|---|---|---|
| आफ्नै स्वामित्वको जग्गा | भएको ☐ | नभएको ☐ |
| जग्गा भाडामा लिएको भए लिज सम्झौता | भएको ☐ | नभएको ☐ |
| परियोजना स्थलसम्म पुग्ने बाटो | भएको ☐ | नभएको ☐ |
| घर /टहरो | भएको ☐ | नभएको ☐ |
| मेशीन /औजार/उपकरण | भएको ☐ | नभएको ☐ |
| ५. कार्यरत जनशक्ति | छ ☐ | छैन ☐ |

यदि छ भने कति जना छन् ..................

| | | |
|---|---|---|
| ६. स्थलगत निरिक्षणको क्रममा उत्पादन वा सेवा प्रदान | भएको ☐ | नभएको ☐ |

**ग) उद्यमीको भौतिक उपस्थिति वा संलग्नता:**

| | | |
|---|---|---|
| १. उद्यमी स्थलगत निरिक्षणको क्रममा उपस्थित | भएको ☐ | नभएको ☐ |
| २. व्यवसाय सम्बन्धि सीप/ अनुभव भए नभएको | भएको ☐ | नभएको ☐ |
| ३. उद्यमी पूर्णकालिन रुपमा संलग्न | भएको ☐ | नभएको ☐ |

घ) **स्थलगत अनुगमन बिवरण:**

१. अनुगमन मितिः

२. अनुगमन गर्ने व्यक्तिको नामः

३. पदः

४. कार्यालयः

५. मोवाइल नं.

६. ईमेलः

.................................
अवलोकनकर्ताको हस्ताक्षर

**संलग्न गर्नुपर्ने:**

१) परियोजना स्थलको उत्पादन प्रकृया वा सेवा जनाउने फोटोः ५ वटा

२) परियोजना स्थलको उत्पादन प्रकृया वा सेवा जनाउने १ मिनेटका भिडियो